प.लि.दर्ता नं. ११९६-०७४/०६५/०६६

# सुपर मादी हाइड्रोपावर कम्पनी लिमिटेड

## १७ औं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट)

सुपर मादी हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०५/०८ गते बसेको बैठकको निर्णय अनुसार बोलाईएको यस कम्पनीको सत्रौं बार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमको प्रस्ताव पारित गरि सम्पन्न भयो ।

मितिः २०८३ साल आश्विन ०1 गते (तदनुसार सन् २०२६ सेप्टेम्वर १७) बिहिवार) ।

समयः दिनको ११.०० वजे

स्थानः होटल इम्पेरियल काठमाण्डौ, बत्तिसपुतलिमा ।

१. **सभामा उपस्थितीः**

(क) **सञ्चालकहरुको उपस्थिती :**

१) श्री धनराज आचार्य - अध्यक्ष

२) श्री बाबुराम थापा - संचालक

३) श्री दुर्गा प्रसाद उप्रेती - संचालक

४) श्री हरिहर उप्रती - संचालक

५) श्रीमति निर्जा राजभण्डारी - संचालक

६) श्री बिक्रम भण्डारी - संचालक्

७) श्री विष्णु प्रसाद पाण्डे - स्वतन्त्र सञ्चालक

(ख) **शेयरधनीहरुको उपस्थिती :**

| उपस्थिति विवरण | संख्या | शेयर कित्ता | प्रतिशत |
|---|---|---|---|
| स्वयम उपस्थिती | १८३ | १२०३३४६४ | ६१.१६ |
| प्रतिनिधि मार्फत उपस्थिती | २९ | २१२५८३३ | |
| **जम्मा उपस्थिती** | **२१२** | **१४१५९२९७** | |

(ग) साधारण सभामा भाग लिन योग्य शेयरधनि र संख्याः

जम्मा शेयर संख्या २,३१,५२,५०० थान

जम्मा शेयरधनि संख्याः १११८८२ जना

(घ) **व्यवस्थापन तथा आमन्त्रितको उपस्थिती :**

श्री मदन कुमार आचार्य - संचालक (नेपाल इनभेस्टमेण्ट मेगा बैक लिमिटेड)

श्री बिकाश खनाल - सि.ई.ओ. (सानिमा क्यापीटल लिमिटेड)

श्री रघुनाथ पुरी - पुर्व संचालक

श्री निश्चल खरेल - कम्पनी सचिव

२. **सभाको सूचना :**

(क) मिति २०८३/०५/०८ गते बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको सत्रौ वार्षिक साधारण सभा मिति २०८३ आश्विन ०१ गते बिहिवारका दिन बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ (२) र यस कम्पनीको नियमावलीको नियम १८ (३) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी मिति २०८३।०५।१० र २०८३।०५।२१ गते दैनिक नेपाल समाचार पत्रिकामा तथा कम्पनीको Website: supermadihydro.com.np र कम्पनीको कार्यालयमा सूचना प्रकाशित गरी साधारण सभा सम्बन्धी जानकारी गराईएको थियो ।

(ख) उल्लेखित साधारण सभाको सूचनाको अतिरिक्त सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब. २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको आर्थिक प्रतिवेदन सहितको कम्पनीको बार्षिक प्रतिवेदन तयार गरिएको र सो प्रतिवेदनलाई कम्पनीको मुख्य कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको थियो । शेयरधनी महानुभावहरुले कारणबस सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी सभामा भाग लिन आउनु होला भनी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

३. **आसन ग्रहण :**

सुपर मादी हाइड्रोपावर कम्पनी लि.को वार्षिक साधारण सभामा अतिथिको आसन ग्रहणमा कम्पनीका अध्यक्ष श्री धनराज आचार्य र संचालकहरु क्रमशः, श्री बाबुराम थापा, श्री हरिहर उप्रेती, श्री दुर्गा प्रसाद उप्रेती, श्रीमति निर्जा राजभण्डारी, श्री बिक्रम भण्डारी, र श्री बिष्णु प्रसाद पाण्डे ले आसन ग्रहण गर्नु भएको थियो । साथै, कम्पनीका पुर्व अध्यक्ष श्री पुष्प ज्योती ढुङ्गाना , पुर्व संचालक श्री रधुनाथ पुरी ,नेपाल ईनभेष्टमेन्ट मेगा बैंकका संचालक एवं कम्पनीका पुर्व संचालक श्री मदन कुमार आचार्य र सानिमा क्यापिटल लिमिटेडका सि.ई.ओ श्री बिकाश खनाल ज्युहरुले अतिथिका रुपमा आसन ग्रहण गर्नु भयो ।

४. **सभाको सभापतित्व** : कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम साधारणसभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री धनराज आचार्यले गर्नु भई सभाको कारवाही अगाडी बढाउन सभा सञ्चालक कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो ।

Nischal

५. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा संचालनको लागि गणपूरक संख्याको लागि बाँडफाँट भएको कुल शेयर संख्याका ५१ प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी स्वयं उपस्थित हुनु पर्नेमा आजको यस बार्षिक साधारण सभामा कुल शेयर संख्याको ६१.१६ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी १८३ जना शेयरधनीहरुको स्वयम् उपस्थिती तथा २९ जना प्रोक्सी मार्फत उपस्थिती रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री निश्चल खरेलले सभालाई जानकारी गराउनु भयो ।

६. **सभामा छलफल गरिने बिषयहरुको जानकारी :**

सभा संचालक कम्पनी सचिव श्री निश्चल खरेलले पूर्वनिर्धारित सूचना अनुसार सभामा देहायका छलफलका बिषयहरु रहेको जानकारी गराउँदै बिषय सूचिहरुबारे सभालाई जानकारी गराउनु भयो ।

**(क) सामान्य प्रस्ताव**

**क. सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरि पारीत गर्ने सम्वन्धमा ।

३. आ.व. २०८३/०८४ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. प्रस्तावित बोनस शेयरको कर प्रयोजनको लागी नगद लाभांश रु.१,८२,७८,२८९।४७ (अक्षेरुपी एक करेड बयासी लाख अठहतर हजार दुई सय उनानब्बे रुपैया सत्चालिस पैसा मात्र) स्विकृत गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको चुक्ता पुंजी रु.२,३१,५२,५०,०००।-को१५% को दरले हुने (कर बाहेक) रु.३४,७२,८७,५००।- (अक्षेरुपी चौतिस करोड बहतर लाख सतासी हजार पाँच सय मात्र) बराबरको .३४,७२,८७५ (चौतिस लाख बहतर हजार आठ सय पचहतर) कित्ता बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।

२. कम्पनीले ताप्लेजुङ जिल्ला स्थित निर्माणाधीन अवस्थामा रहेको २८५ मेगावाट क्षमताको अपर तमोर जलविद्युत आयोजना निर्माणको लागी आवश्यक रकम संकलन प्रयोजनार्थ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।

Nischal

(कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,३१,५२,५०,०००।- को१५% को दरले हुने (कर बाहेक) रु.३४,७२,८७,५००।- (अक्षेरुपी चौतिस करोड बहतर लाख सतासी हजार पाँच सय मात्र) बराबरको ३४,७२,८७५ कित्ता बोनस शेयर वितरण गरे पश्चात कायम हुने जम्मा चुक्ता शेयर पूजि रु २,६६,२५,३७,५००।–को प्रति शेयर अंकित मुल्य रु.१०० दरको २,६६,२५,३७५ कित्ता शेयरको २:१ को अनुपातमा हुने १,३३,१२,६८८ कित्ता हकप्रद शेयर निश्काशन गर्ने सम्वन्धमा ।

३. पुँजि बृद्धि गर्ने र कम्पनीको प्रबन्धपत्रको दफा ६(क) (ख) र (ग)संशोधन सम्बन्धी निम्न बमोजिमको विशेष प्रस्ताव सम्बन्धमा ।

(क) दफा ६(क): कम्पनीको अधिकृत पूँजी रु. ३,९९,३८,०६,३००।- (तिन अर्ब उनान्सय करोड अठतिस लाख छ हजार तिन सय) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,९९,३८,०६३ (तिन करोड उनान्सय लाख अठतिस हजार त्रिसठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) दफा ६(ख): कम्पनीको जारी पूँजी ३,९९,३८,०६,३००।- (तिन अर्ब उनान्सय करोड अठ्तिस लाख छ हजार तिन सय) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,९९,३८,०६३ (तिन करोड उनान्सय लाख अठतिस हजार त्रिसठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) दफा ६(ख): कम्पनीको चुक्ता पूँजी रु २,६६,२५,३७,५००।– (दुई अर्ब छैसठी करोड पच्चिस लाख सैतिस हजार पाँच सय) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले २,६६,२५,३७५ (दूई करोड छैसठी लाख पच्चिस हजार तिन सय पचहतर ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

४. उपरोक्त वमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव तथा हकप्रद शेयर स्वीकृतीको लागी नियमनकारी निकायमा पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

**प्रस्ताव १ क.** यस कम्पनीले तमोर इनर्जी प्र.लि.द्वारा ताप्लेजुङ जिल्ला स्थित तमोर नदिमा निर्माण गरिरहको २८५ मेगावाट क्षमताको अपर तमोर जलविद्युत आयोजनामा लगानी गरिएको र उक्त आयोजनाले एभरेष्ट बैक लि.को अगुवाईमा अन्य बित्तियसस्थारुको सहबितियकरण वाट लिईने आयोजनाको कर्जाको लागी प्रचलित कानुन बमोजीम यस कम्पनीले सस्थागत जमानत दिएको र उक्त जमानत लाई यस साधारण सभावाट अनुमोदन लागी बिबिध बिषय अन्तर्गत बिषेश प्रस्ताव सम्वन्धमा ।

**प्रस्ताव १ ख** संचालकको नियूक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

## स्वागत मन्तव्य सहित बार्षिक प्रतिवेदनको प्रस्तुति :

यस सुपर मादी हाईड्रोपावर लिमिटेडको १७ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनि लगायत सवैमा अध्यक्ष श्री धनराज आचार्य ज्यूले स्वागत मन्तव्य सहित कम्पनीको बार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो ।

अध्यक्ष श्री धनराज आचार्य ज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सक्रिय रुपमा सहभागी हुन अध्यक्षज्यूले आह्वान गर्नु भएकोमा निम्न बमोजिमका शेयरधनीले आफ्नो जिज्ञासा एवं सुझावहरु प्रस्तुत गर्नु भयो ।

**सभामा मोखिक सुझाव प्रस्तुत गर्ने शेयर धनिहरु:**

श्री जगन्नाथ आचार्य, श्री भेष राज भण्डारी, श्री युगल बस्नेत, श्री गोविन्द बहादुर केसी, श्री इनद्र प्रसाद लामिछाने,श्री सुदीप श्रेष्ठ ,श्री चन्द्र नारायण श्रेष्ठ ,श्री नर सिंह लाला चँखु, श्री सत्रुधन श्रेष्ठ, श्री डम्वरु बल्लभ घिमिरे, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री ध्रुव राज न्यौपाने, श्री निरुपमा गुप्ता, श्री राज काजी रन्जित, श्री लभ राज जोशी, श्री शेखर सिटौला, हरुले आफ्नो राय सुझाव सहितको मनतव्य सभा समक्ष प्रस्तुत गर्नु भयो । शेयर धनिहरुले दिएको सुझाव निम्न अनुसार रहेको छ ।

१. कम्पनिले १५ प्रतिशत शेयरवोनश प्रधान गरेको र २:१ को अनुपातमा हक प्रद शेयर निश्काशन गर्ने सम्वन्धमा बिषेश धन्यवाद दिनु भएको छ । साथै साधारणसभा समयमानै सम्पन्न गर्नु भएकोमा बिषेश धन्यवाद दिनुभएको छ ।

२. कम्पनीले २८५ मे.वा.को अपर तमोर जलबिद्युत आयोजनामा लगानी गरेकोमा धन्यवाद दिँदै आयोजनाको लतगत, निर्माणको समयमा जोखिम बहन सम्वन्धि ब्यवस्थापन, आयोजनाको बिमा तथा आयोजनामा काम गर्ने जनशक्तिको सुरक्षा सम्वन्धि बिषयमा जिज्ञासा एवं सुझावहरु प्रस्तुत गर्नु भएकोछ ।

३.आर्थिक प्रतिवेदनमा समाबेश गरिएका अनुसुचि बिबरणहरुमा जिज्ञासा राख्दै सकरात्मक रहेको सुझाव राख्नु भएको छ ।

यसरि सुझाव प्रस्तुत गर्ने सवै शेयर धनिहरुले १५ प्रतिशत वोनश शेयर र २:१ अनुपातमा हकप्रद शेयर निश्काशन गर्न लागेको र समयमै साधारण सभा सम्पन्न गर्नुभएकोमा कम्पनीलाई बिषेश धन्यवाद दिनु भएको छ ।

**लिखित सुझाव राख्नु हुने शेयरधनिहरु :** श्री लक्ष्मण बहादुर श्रेष्ठ , श्री बिपिन धिताल,श्री उतम दत्त पाण्डे, र प्रा.डा. रामजि प्रसाद पण्डीतले आफ्नो राय सुझाव लिखित रुपमा पेश गर्दै कम्पनीले हकप्रद शेयर तथा १५ प्रतिशत बोनश शेयरको प्रस्ताव गर्नु भएकोमा धन्यवाद दिदै लिखित सुझावहरु राख्नु भएको छ ।

लिखित जवाफमा हकप्रद शेयर समयमै ल्याउन सम्वन्धित निकायमा छिटो पहल गर्न सुझाव सदनेभएको भने आर्थिक प्रतिवेदन नेपाली भाषमा तयार गर्न सुझाव दिनु भएको छ साथै बार्षिक साधारण सभामा प्रस्तुत गरिएका सवै प्रस्तवहरुको समर्थन दिनु भएको छ ।

**श्री पुष्प ज्योती ढुङ्गानाज्यूबाट जिज्ञाशाहरुको जवाफ :**

शेयरधनी महानुभावबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभाअध्यक्षको अनुमातिले यस कम्पनीका संचालक समितिका पुर्व अध्यक्ष एवं तमोर इनर्जी प्रा.लि.का अध्यक्ष श्री पुष्प ज्योती ढुङ्गानाज्यूबाट जिज्ञासाहरुको बारे धन्यवाद दिदै सुझावहरुलाई प्रस्ट पार्दै आगामि दिनहरमा सो सुझावहरु मार्गदर्शनको रुपमा लिई कम्पनीलाई अझै दिगो र सबल बनाउने तथा नयाँ आयोजनाको निर्माण तथा प्रगतिको वारेमा सभा समक्ष जनाकारी गराउदै लगानीको सन्दर्भमा आफ्नो धारणा प्रस्तुत गर्नु भयो ।

७. **सभाबाट भएका निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव :**

प्रस्ताव १. अध्यक्ष ज्यूको मन्तव्य तथा १७ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत संयुक्त वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय :- प्रस्ताव नं. १ अन्तर्गत अध्यक्षज्यूबाट पेश भएको यस कम्पनी को १७ औं वार्षिक प्रतिवेदन पेश भई पारित गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सभा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर विस्तृत रूपमा छलफल भई सर्वसम्मतीले पारित गरियो ।

प्रस्ताव २. लेखापरीक्षकद्धारा प्रस्तुत आ.व.२०८२।८३ को लेखापरीक्षण प्रतिवेदन आय व्यय विवरण र वासलात माथि छलफल गरि पारीत गर्ने ।

निर्णय :- प्रस्ताव नं. २ अन्तर्गत छलफल गरिदा यस कम्पनिको वार्षिक साधारण सभाले यस कम्पनीको आ.व. ०८२/०८३ को आर्थिक कारोबारको लेखा परिक्षण गर्नको लागि नियुक्त भएका लेखा परिक्षक ज्यूले पेश गर्नु भएको लेखा परीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान, हिसाब र नगद प्रवाह विवरण तथा अनुसुचीहरु पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत भएकोमा सो प्रतिवेदन उपर छलफल भए पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव ३. आगामी आ.व. २०८३/०८४ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

निर्णय :- आगामी आ.व. २०८३।०८४ को लागि प्राप्त भएका लेखापरिक्षण फर्महरु मध्ये बि. एण्ड एस्. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट्स श्री विवेक अधिकारीलाई नियूक्तिको लागि लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम नियुक्ती गर्ने र लेखापरीक्षण शुल्क वापत मू.अ.क. सहित रु.३,००,०००।-(तिन लाख ) मात्र पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्व सम्मतिबाट पारित गरियो ।

प्रस्ताव ४. प्रस्तावित बोनस शेयरको कर प्रयोजनको लागी कम्पनीको हाल चुक्ता पुँजी रु.२,३१,५२,५०,०००।- को ०.७८९४७% को दरले हुने रु.१,८२,७८,२८९।४७ (अक्षेरुपी एक करोड बयासी लाख अठ्हतर हजार दुई सय उनान्नब्बे रुपैया सत्चालिस पैसा मात्र) बराबर रकम (कर प्रयोजनको लागी) नगद लाभांश वितरण गर्न स्विकृत गर्ने सम्वन्धमा ।

निर्णय : प्रस्ताव नं ४ अन्तर्गत छलफल गरिँदा सञ्चालक समितिको बैठकबाट प्रस्तावित १५ प्रतिशत बोनस शेयर र सो को कर प्रयोजनको लागि नगद लाभांश रु.१,८२,७८,२८९।४७ ( अक्षेरुपी एक करेड बयासी लाख अठहतर हजार दुई सय उनान्नब्बे रुपैया सत्चालिस पैसा मात्र) स्वीकृत गर्न निर्णयार्थ पेश भएकाले सो प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

**(ख) विशेष प्रस्तावहरुः**

**प्रस्ताव १.** सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको चुक्ता पुँजी रु.२,३१,५२,५०,०००।- को १५% को दरले हुने (कर बाहेक) रु.३४,७२,८७,५००।- (अक्षेरुपी चौतिस करोड बहतर लाख सतासी हजार पाँच सय मात्र)बराबरको ३४,७२,८७५ (चौतिस लाख बहतर हजार आठ सय पचहतर) कित्ता बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।

निर्णयः विषेश प्रस्ताव नं १. अन्तर्गत छलफल गरिँदा सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको चुक्ता पुँजी रु. २,३१,५२,५०,०००।-को १५% को दरले हुने (कर बाहेक) रु.३४,७२,८७,५००।- (अक्षेरुपी चौतिस करोड बहतर लाख सतासी हजार पाँच सय मात्र) बराबरको ३४,७२,८७५ (चौतिस लाख बहतर हजार आठ सय पचहतर) कित्ता बोनस शेयर वितरण गर्ने सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव** २. कम्पनीले ताप्लेजुङ जिल्ला स्थित निर्माणाधीन अवस्थामा रहेको २८५ मेगावाट क्षमताको अपर तमोर जलविद्युत आयोजना निर्माणको लागी आवश्यक रकम संकलन प्रयोजनार्थ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।

(कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,३१,५२,५०,०००।- को १५% को दरले हुने (कर बाहेक) रु.३४,७२,८७,५००।- (अक्षेरुपी चौतिस करोड बहतर लाख सतासी हजार पाँच सय मात्र) बराबरको ३४,७२,८७५ कित्ता बोनस शेयर वितरण गरे पश्चात कायम हुने जम्मा शेयर चुक्ता पूजि रु २,६६,२५,३७,५००।–को प्रति शेयर अंकित मुल्य रु.१०० दरको २,६६,२५,३७५ कित्ता शेयरको २:१ को अनुपातमा हुने १,३३,१२,६८८ कित्ता हकप्रद शेयर निश्काशन गर्ने सम्वन्धमा ।

निर्णयः विषेश प्रस्ताव नं २.अन्तर्गत छलफल गरिँदा सञ्चालक समितिको बैठकबाट पेश भए वमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,३१,५२,५०,०००।- को १५% को दरले हुने (कर बाहेक) रु.३४,७२,८७,५००।- (अक्षेरुपी चौतिस करोड बहतर लाख सतासी हजार पाँच सय मात्र) बराबरको ३४,७२,८७५ कित्ता बोनस शेयर वितरण गरे पश्चात कायम हुने जम्मा

शेयर चुक्ता पूजि रु २,६६,२५,३७,५००।–को प्रति शेयर अंकित मुल्य रु.१०० दरको २,६६,२५,३७५ कित्ता शेयरको २:१ को अनुपातमा हुने १,३३,१२,६८८ कित्ता हकप्रद शेयर निश्काशन गर्ने बिषेश प्रस्ताव पेश भएकोले उक्त प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव ३.** पुँजी बृद्धि तथा कम्पनीको प्रबन्धपत्रको दफा ६(क) ,(ख) र (ग) संशोधन सम्बन्धी निम्न बमोजिमको विशेष प्रस्ताव सम्बन्धमा ।

**निर्णयः** विषेश प्रस्ताव नं ३ अर्न्तगत छलफल गरिँदा प्रस्तावित वोनश शेयर वितरण तथा हक प्रद शेयर निष्काशनको लागि कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ६(क) ,(ख) र (ग) लाई देहाय बमोजिम संसोधन गर्ने प्रस्तावलाई निर्णयार्थ सभा समक्ष पेश गरिएकोमा उक्त विशेष प्रस्ताव सर्व सम्मतले पारित गरियो साथै सोही अनुसार प्रबन्धपत्रको तिनमहले विवरण समेत अद्यावधिक गर्ने निर्णय गरियो ।

**प्रबन्ध पत्रमा संसोधन**

**दफा ६(क):** कम्पनीको अधिकृत पूँजी रु.३,९९,३८,०६,३००।- (तिन अर्ब उनान्सय करोड अठ्तिस लाख छ हजार तिन सय) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,९९,३८,०६३ (तिन करोड उनान्सय लाख अठतिस हजार त्रिसठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६(ख):** कम्पनीको जारी पूँजी रु.३,९९,३८,०६,३००।- (तिन अर्ब उनान्सय करोड अठ्तिस लाख छ हजार तिन सय) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,९९,३८,०६३ (तिन करोड उनान्सय लाख अठ्तिस हजार त्रिसठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६(ग):** कम्पनीको चुक्ता पूँजी रु २,६६,२५,३७,५००।– (दुई अर्ब छैसठि करोड पच्चिस लाख सैतिस हजार पाँच सय) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले २,६६,२५,३७५ (दूई करोड छैसठी लाख पच्चिस हजार तिन सय पचहतर ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**सुपर मादी हाइड्रोपावर लिमिटेड**
**को**
**प्रवन्धपत्र को**
**साविक र वर्तमान व्यवस्थाहरु सम्बन्धि तिन महले विवरण**

| | साविकको व्यवस्था | वर्तमान व्यवस्था | परिवर्तनको कारण |
|---|---|---|---|
| **प्रवन्ध पत्र** | (क). **कम्पनीको अधिकृत पूँजी** : यस कम्पनीको अधिकृत पूँजी रु.३,४७,२८,७५,०००।- (तिन अर्ब सतचालिस करोड अठ्ठाईस लाख पचहतर हजार) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,४७,२८,७५०।- (तिन करोड सतचालिस लाख अठ्ठाईस हजार सात सय पचास ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | **दफा६(क)**.यस कम्पनीको अधिकृत पूँजी रु.३,९९,३८,०६,३००।-(तिन अर्ब उनान्सय करोड अठतिस लाख छ हजार तिन सय) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,९९,३८,०६३ (तिन करोड उनान्सय लाख अठतिस हजार त्रिसठी) थान साधारण शेयरमा विभाजन गरिएको छ। | बोनस शेयर वितरण तथा हकप्रदशेयर पश्चात् कम्पनीको अधिकृत पूँजी वृद्धि हुने भएकोले। |
| | (ख). **कम्पनीको तत्काल जारी पूँजी**: यस कम्पनीको तत्काल जारी पूँजी रु.३,४७,२८,७५,०००।- (तिन अर्ब सतचालिस करोड अठ्ठाईस लाख पचहतर हजार) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले ३,४७,२८,७५०।- (तिन करोड सतचालिस लाख अठ्ठाईस हजार सात सय पचास ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | **दफा ६(ख).कम्पनीको तत्काल जारी पूँजी**: यस कम्पनीको तत्काल जारी पूँजीरु.३,९९,३८,०६,३००।-(तिनअर्ब उनान्सय करोड अठतिस लाख छ हजार तिन सय) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।-कादरलेरु.३,९९,३८,०६३(तिन करोड उनान्सय लाख अठतिस हजार त्रिसठी) थान साधारण शेयरमा विभाजन गरिएको छ। | बोनसशेयर वितरण तथा हकप्रद शेयर पश्चात् कम्पनीको तत्काल जारी पूँजी वृद्धि हुने भएकोले। |
| | **(ग) कम्पनीको तत्काल चुक्ता पूँजी**: यस कम्पनीको तत्काल चुक्ता पूँजी रु २,३१,५२,५०,०००।- (दुई अर्ब एकतिस करोड बाउन्न लाख पचास हजार) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले २३१५२५०० (दुई करोड एकतिस लाख बाउन्न हजार पाँच सय ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | **(ग) कम्पनीको तत्काल चुक्ता पूँजी**: यस कम्पनीको तत्काल चुक्ता पूँजी रु रु २,६६,२५,३७,५००।– (दुई अर्ब छेसठि करोड पच्चिस लाख सैतिस हजार पाँच सय ) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।-का दरले २,६६,२५,३७५ (दुई करोड छेसठि लाख पच्चिस हजार तिन सय पचहतर ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | बोनस शेयर वितरण पश्चात् कम्पनीको चुक्ता पूँजी वृद्धि हुने भएकोले। |

**प्रस्ताव ४.** उपरोक्त वमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव, तथा हकप्रद शेयर स्वीकृतीको लागी नियमनकारी निकायमा पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**निर्णयः** विषेश प्रस्ताव नं ४ अर्न्तगत छलफल गरिँदा पारित स तथा हकप्रद शेयर स्वीकृतीको लागी नियमनकारी निकायमा पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्व सम्मतले पारित गरियो ।

**(ग) विविध**

**प्रस्ताव १ क.** यस कम्पनीले तमोर इनर्जी प्र.लि.द्वारा ताप्लेजुङ जिल्ला स्थित तमोर नदिमा निर्माण गरिरहको २८५ मेगावाट क्षमताको अपर तमोर जलविद्युत आयोजनामा लगानी गरिएको र उक्त आयोजनाले एभरेष्ट बैक लि.को अगुवाईमा अन्य बित्तिय सँस्थारुको सहबितियकरण वाट लिईने आयोजनाको कर्जाको लागी प्रचलित कानुन बमोजीम यस कम्पनीले सँस्थागत जमानत दिएको र उक्त जमानत लाई यस साधारण सभावाट अनुमोदन लागी बिबिध बिषय अन्तर्गत प्रस्ताव सम्वन्धमा ।

**निर्णयः** बिविध अन्तर्गत प्रस्ताव नं १ क. मा छलफल गरिँदा तमोर इनर्जी प्रा.लि.ले आयोजनाको लागी एभरेष्ट बैक लि.को अगुवाईमा अन्य बित्तिय सँस्थारुको सहबितियकरणवाट लिईने कर्जाको लागी यस कम्पनीले प्रचलित कानुन बमोजीम सँस्थागत जमानत दिने र हाल दिईएको सँस्थागत जमानतलाई समेत अनुमोदन गर्ने प्रस्ताव पारित गरियो ।

**प्रस्ताव १ ख** संचालकको नियूक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

**निर्णयः** बिविध अन्तर्गत प्रस्ताव नं १ ख. मा छलफल गरिँदा यस सुपर मादी हाईड्रोपावर लिमिटेडका संचालकले राजिनामा दिएको र रिक्तरहेको संचालक सदस्यमा बाकि कार्यकालको लागी संचालक समिति वाट नियूक्त संचालकहरुको नियुक्ति लाई अनुमोदन गर्ने प्रस्ताव पारित गरियो ।

अन्त्यमा, अन्य विषय केही नभएकाले सभामा उपस्थित भई यस सभालाई रचनात्मक सुझावका साथै वार्षिक साधारण सभामा उल्लेख्य उपस्थित भई कार्यक्रम सफल बनाई दिनु भएकोमा उपस्थित सबैलाई अध्यक्षज्यूबाट धन्यबाद दिदै सभा समापन भएको घोषणा गर्नुभयो ।

Regd. No.: 1116-074/065/066
सुपर मादी हाइड्रोपावर लि.
SUPER MADI HYDROPOWER LTD.

पत्र सख्या : ०८३/०८४
चलानी नं.४४

मितिः २०८३/०६/१२

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा , काठमाण्डौ ।

**विषय : वार्षिक साधारण सभाको माइन्यूट पेश गरिएको बारे ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस सुपर मादी हाइड्रोपावर लिमिटेड (आर्थिक वर्ष २०८२/०८३) को १७ औँ वार्षिक साधारण सभा मिति २०८३ आश्विन ०१ गते सम्पन्न गरिएकोले १७ औँ वार्षिक साधारण सभाको माइन्यूट यसै साथ संलग्न गरि जानकारी तथा अभिलेखको लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

..................
बिक्रम भण्डारी
सञ्चालक